कार्यालय :-०४१-४२००७५
फयाक्स :- ०४१-४२०४५०
E-mail : daodhanusha20@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

पत्र संख्या :- ०७७/०७८(लेखा.)
चलानी नं.:- १५४४

मितिः- २०७७/०७/१७

**बिषयः- जानकारी सम्बन्धमा ।**

श्री मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
धनुषा, ढल्केवर ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७७/०७/१७ गतेको घर टहरा हटाउने र क्षतिपुर्ति प्राप्त गर्ने सम्वन्धि सुचनाको छायाँप्रति पाना-२ यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागी आदेशानुसार अनुरोध छ ।

दिपक कोइराला
सहायक प्रमुख जिल्ला अधिकारी

श्री वडा कार्यालय १ देखि ... नं. लाई छायाँप्रति पठाउने साथै मि.न.पा.को website मा पनि upload गर्ने र सूचना पाटीमा टाँस्ने ।

०७७/०७/१८

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं. १२३०
मिति २०७७/०७/१८

नेपाल सरकार
गृह मन्त्रालय
कार्यालय :-०४१-४२००७५
फयाक्स :- ०४१-४२०४५०
E-mail : daodhanusha20@gmail.com

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

पत्र संख्या :-०७७/०७८(लेखा.)
चलानी नं.:-

मितिः- २०७७/०७/१७

**बिषय:- घर टहरा हटाउने र क्षतिपुर्ति प्राप्त गर्ने सम्बन्धी सुचना ।**

एसजेभियन अरण ३ पावल डेभलपमेन्ट प्रा.लि.का सवस्टेशनको निमार्ण गर्नको लागि ढल्केवर वडा नं. ७ मा पर्ने तपसिलमा उल्लेखित घर/टहराहरु हटाउनु पर्ने भएकोले जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ को प्रयोजनाको लागि सम्वन्धित सबैको जानकारी हुन यो सुचना प्रकाशित गरिएको छ । यो सुचना जारी भएको १५ दिन भित्र सरोकारवाला व्यक्तिको क्षतिपुर्ति प्राप्त गर्न आ-आफनो हकदैया वा भोगचलन सम्वन्धी सबुत निस्सा तथा प्रमाण सहित रु. १० को टिकट टाँसी निवेदन साथ निम्न कागजात संलग्न गरी जिल्ला प्रशासन कार्यालय, जनकपुरमा सम्पर्क राख्न हुन उक्त ऐन दफा १० बमोजिम सुचित गरिन्छ । तोकिएको म्याद भित्र निवेदन नदिइ म्याद गुज्रिन गएमा कानुन बमोजिम हुने व्यहोरा समेत यसै सुचाना द्वारा जानकारी गराईन्छ ।

कागजातहरुः-

१.घरधनिको जग्गाधनि प्रमाणपुर्जा (लालपुर्जा) को सक्कल र सो को छायाप्रती

२.मालपोतमा तिरेको रसिदको सक्कल र छायाप्रति

३.नागरिकताको सक्कल र छायाप्रति

४.सम्बन्धित घरधनी (जग्गाधनी) को मृत्यु भइसकेको भए नजिकको हकवालाको नाममा नामसारी भएको प्रमाण वा स्थानिय तहवाट नाता प्रमाणीत, मृत्यु दर्ता आदी

५.जग्गाधनी प्रमाण पुर्जा प्राप्त नगरेको गाउँ ब्लक ऐलानी जग्गामा रहेको घर/टहराको हकमा सम्वन्धित स्थानियतहको सिफारीस सहित नागरिकताको छायाँ प्रति निवेदन साथ रु.१०/- को हुलाक टिकट टाँसी पेश हुन आएको निवेदन सम्बन्धि नापी कार्यालयको सिफारीस समेत राखी पेश गर्नु पर्ने छ ।

२०७७।७।१७

सहायक प्रमुख जिल्ला अधिकारी

कार्यालय :-०४१-५२००७५
फयाक्स :- ०४१-४२०४५०
E-mail : daodhanusha20@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

उपरोक्त अनुसारको निवेदन र संलग्न कागजातहरुको आधारमा यस कार्यालयको घर/टहरा हटाउनको लागि मुल्यांकित रकमको ५०(पचास) प्रतिशत रकम नियमानुसार उपलब्ध गराउने छ। उक्त ५० प्रतिशत रकम पाएको मितिले बढीमा १५ दिन भित्र घर/टहरा हटाई सकेको सम्बन्धित स्थानियतहको सिफारीस सहित निवेदन पेश हुन आएमा यस कार्यालयको प्राविधिकबाट स्थलगत जाँच बुझ गरी खाली गरिसकेको व्यहोरा प्रमाणीत हुन आएमा मात्र बाँकी ५० प्रतिशत रकम भुक्तानी दिईनेछ र तोकिएको अवधि भित्र घर/टहरा नहटाएमा कानुन बमोजिम हुनेछ। साथै चलनचलती सडक (Existing Road) मा रहेको घर/टहराहरु खालि गरि सकेको व्यहोरा सहितको सम्बन्धित स्थानियतह बाट सिफारीस राखी निवेदन दिने घर धनीहरुको हकमा यस कार्यालयको प्राविधिकबाट स्थलगत जाँच बुझ गरी खाली गरीसकेको व्यहोरा प्रमाणीत हुन आएमा त्यस्ता घर/टहरा धनिहरुलाई पाउने सम्पुर्ण रकम एकै पटक एकमुष्ट भुक्तानी श्री एस जेभिएन अरुण ३ पावर डेभलपमेन्ट प्रा.लि. जनकपुरको सिफारीस बमोजिम जिल्ला प्रशासन कार्यालय धनुषाले भुक्तानी प्रकृया अगाडी बढाईने व्यहोरा सम्बन्धि सबैको लागि यो सुचना प्रकाशन गरिएको छ।

२०७७/७/१८

दिपक कोइराला
सहायक प्रमुख जिल्ला अधिकारी